सूचना ५

श्री ५ को सरकारको मिति २०५०।३।२१ को निर्णयानुसार हवाई विभागमा कार्यरत नेपाल इन्जिनियरिङ सेवा, सिभिल एभिएशन अपरेशन तथा इन्जिनियरिङ समूह, सिभिल एभिएशन अपरेशन उप-समूहको रा. प. तृ. श्रा. पदबाट ए. टी. सी. अ. श्री पुरूषोत्तम श्रेष्ठले दिनु भएको राजीनामा मिति २०४९।८।१ देखि लागू हुने गरी स्वीकृत गरेको छ ।

सूचना ६

श्री ५ को सरकार (मन्त्रिपरिषद्)को मिति २०५०।६।७ को निर्णय बमोजिम आरोहणका लागि खुला गरिएका अन्य हिमालहरू (खुम्बु क्षेत्र बाहेक) मा लागू भएको वर्तमान व्यवस्था नै लागू हुने गरी पूर्वी नेपाल स्थित निम्न विवरण भएको ड्राङ्गनांगरी हिमाल पर्वतारोहण कार्यका लागि खुला गरेको छ ।

हिमालको भौगोलिक विवरण

१. प्रशासनिक क्षेत्र– जनकपुर अञ्चल, दोलखा जिल्ला

२. सिमाना:– पूर्व–दाङ कुरू हिमाल
पश्चिम–रिम्चो सर ग्लासियर
उत्तर–डिङ्गजिङ्ग ग्लासियर
दक्षिण–रिम्पो सर ग्लासियर

३. अवस्थित:– अक्षांश–२७°५६"२२"
देशान्तर–८६°३१"२८"

४. पर्वत शृङ्खला– रोल्वालिङ

५. उचाइ– ६८०१ मिटर

६. आरोहण मार्ग– क) दक्षिण पश्चिम मोहडा । धार
ख) उत्तर पूर्वी मोहडा । धार
ग) दक्षिण मोहडा

७. लस्कर मार्ग– काठमाडौं–चरिकोट–सिगरी–जगत–सिमीगाउँ–रोल्वालिङ–आधार शिविर ।

आज्ञाले,
पुरूषोत्तम भट्टराई
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।